Estimated Price ४५३५१४।२०
मु.अ.क.समेत
दर्ता गर्ने अन्तिम मिति २०७६।४।१५ गते
अपरान्ह २ बजे

## पूर्वाञ्चल क्याम्पस धरानको

## EMIS को लागि सिलबंदी दरभाउपत्र आव्हान गरिएको सूचना

यस क्याम्पसको आन्तरिक प्रयोजनको EMIS को लागि केही उपकरणहरु तथा सेवा खरीद गर्नुपर्ने भएकोले ईच्छुक व्यवसायीहरुबाट २०७६।४।१५ को अपरान्ह २:०० बजे भित्र आइपुग्ने गरी रितपूर्वको सिलवंदी दरभाउपत्र आव्हान गरिएको छ । दरभाउपत्र २०७६।४।१४ को अपरान्ह २:०० बजे सम्म मात्र बिक्री गरिने छ । दरभाउपत्र रु० १०००।- तिरी यस क्याम्पस वा इ.अ.सं.डीनको कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

१) दरभाउपत्र खरिद गर्न आउँदा म्याद बहाल रहेको मु० अ० क० दर्ता प्रमाणपत्र ,व्यवसायिक प्रमाणपत्र, र करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गरी पर्ने छ र सिलवन्दि दरभाउपत्रमा पनि यी प्रमाणित प्रतिलिपीहरु का अतिरिक्त आफु यो सामान SUPPLY को लागि खरीद ऐन २०६३ तथा खरीद नियमावली २०६४ अनुसार आफु योग्य भएको स्वघोषणापत्र पनि संलग्न गरीएको हुनु पर्ने छ । माग गरीएका कागजादहरु संलग्न नभएमा सिलवन्दी दरभाउपत्र अस्वीकृत गर्न सकिनेछ ।

२) दरभाउपत्र भर्दा, दरभाउपत्र राम्रो संग अध्ययन गरि उल्लेखित अ० ला० मु० को रकम अंकले हुने ३% रकम NIC ASIA मा रहेको यस क्याम्पसको चल्ती खाता नं० २३१९११४२५८५२४००२ मा नगद जम्मा गरेको सक्कल भाउचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त 'क' वर्गको वैंक वाट जारी गरीएको (Bidbond)_ जमानतपत्र संलग्न हुनु पर्नेछ । विडवण्ड दरभाउपत्र बुझाउने अन्तिम मितिले ९० दिन मान्य हुनु पर्नेछ । नगद जम्मा गर्नेहरुको रकम फिर्ता गर्दा निर्व्याजी गरिनेछ ।

३) सिलबंदी गर्दा खामको प्रत्येक जोर्नि जोर्निमा लाहा छापको सिलबंदी गरी बन्दकर्ताले यति ठाउँ लाहाछाप सिलवंदी गरेको भनि लेखि सहि छाप गर्नु पर्नेछ । *सिक्का प्रयोग नगर्नु होला*

क्याम्पस प्रमुख
पूर्वाञ्चल क्याम्पस
धरान-८



Scanned with CamScanner

४) दरभाउपत्र खरिद एवं दर्ता गर्ने ठाउँ यो क्याम्पस र इ.अ.सं.डीनको कार्यालय पूल्चोक पनि भएकोले दरभाउपत्र यो क्याम्पस वा डीनको कार्यालय पूल्चोकमा पनि दर्ता गर्न सकिने छ ।

५) दरभाउपत्र दाताहरु वा वहाँहरुको तथा स्थानीय प्रतिनिधिहरुको रोहवरमा २०७६।४।२२ का दिन अपरान्ह २:०० बजे दरभाउपत्र खोलिने छ । तर दरभाउपत्र दाताहरुको प्रतिनिधिहरु अनुपस्थित हुनु भएमा पनि खोल्न बाधा पर्ने छैन । दर भाउपत्र इ.अ.सं. डीनको कार्यालयमा पनि दर्ता हुने भएकोले त्यहाँवाट आउन विलम्व भएमा सो को सूचना प्रकाशित गरिनेछ ।

६) दरभाउपत्र अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । केरमेट भएमा केरमेट स्थानहरुमा दस्तखत गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ । ज्यादै केरमेट भई अंक र अक्षर प्रष्ट नभएमा त्यस्ता दरभाउपत्र उपर कारवाही नगरी रद्द पनि गर्न सकिनेछ । अतः राम्रोसंग अध्ययन गरी भर्नु पर्नेछ ।

७) दरभाउपत्र सम्बन्धी यो सूचनामा केही व्यहोराहरु छुट हुनु गए खरिद ऐन २०६३ र खरिद नियमावली २०६४ बमोजिम तथा त्रि.वि.आर्थिक व्यवस्थापन तथा खरी संम्वधी नियम २०५०अनुसार हुनेछ / गरिने छ ।

८) दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न वा हुन गएमा बिदापछि लगतै खुलेको दिनलाई क्रमश खरिद गर्ने हो भने खरिद गर्ने वा दर्ता गर्ने हो भने दर्ता गर्ने अन्तिम मिति कायम गरिनेछ ।

९) दरभाउपत्र पेश गर्नु अघि व्यहोरा बुझ्न चाहने दरभाउपत्र दाताले क्याम्पसमा आई सम्पर्क राख्न सक्नु हुनेछ ।

Dhakal

(ओम प्रकाश ढकाल )
क्याम्पस प्रमुख

**क्याम्पस प्रमुख**
**पूर्वाञ्चल क्याम्पस**
**धरान-८**



Scanned with CamScanner